स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली चलचित्र क्षेत्रका लोकप्रिय अभिनेता दयाहाङ राई पछिल्लो समय पनि अभिनय तथा चलचित्र निर्माणका गतिविधिमा सक्रिय छन् । फरक पात्र र स्वाभाविक अभिनयमार्फत दर्शकको मन जित्दै आएका राई नेपाली चलचित्रका व्यस्त अभिनेतामध्ये एक हुन् । उनका चलचित्र "कबची-५" र "पेन्सन पट्टाले बक्स अफिसमा राम्रो व्यापार गरेका छन् ।

आजको विचार...



नेपालले...
(दुई पेजमा)

निरन्जन फुयाल

अभिनेता तथा निर्देशक विराज भ पछिल्लो समय चलचित्र निर्माण र निर्देशनसँगै आफ्नो निर्माण कम्पनीका गतिविधिमा सक्रिय छन् । उनको पछिल्लो चलचित्र "१२ गाउँ-२" प्रदर्शनपछि उनी पुनः चर्चामा आएका छन्। हालै निर्देशक निश्चल बस्नेतको आगामी चलचित्र "डेनी डेन्जरस" मा खेरा समीर भ अनुबन्ध भएको भन्ने समाचार सार्वजनिक भएपछि विराज भ फिल्म प्रालिले त्यसको खण्डन गरेको छ।



❐ वर्ष ३२ ❐ अंक ११९ ❐ २०८३ मंसिर १० गते बिहीबार 26 November 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

काँग्रेस पाल्पाको जिल्ला अधिवेशन स्थगित

पाल्पा, मंसिर ९/देउवा-कोइराला समूहले पाल्पामा जिल्ला अधिवेशन स्थगित गरेको छ । समूहले आगामी मंसिर १२ गतेका लागि तय गरेको जिल्ला अधिवेशन विशेष कारणवश निर्धारित मितिमा सम्पन्न गर्न नसकिने भन्दै अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरेको हो ।

नेपाली कांग्रेसको १५ औं महाधिवेशन पाल्पाका प्रचारप्रसार संयोजक केशव बस्यालका अनुसार जिल्ला अधिवेशन सम्पन्न गर्ने यसअघिको निर्णय स्थगित गरिएको बताए । अधिवेशनको नयाँ मिति भने सूचनामा खुलाइएको छैन ।समूहका केन्द्रीय प्रतिनिधि तथा जिल्ला संयोजक माधवप्रसाद नेपालले हस्ताक्षर गरी जारी गरेको सूचनामा विशेष कारणले तोकिएको मितिमा अधिवेशन गर्न नसकिने भएकाले अर्को सूचना जारी नभएसम्मका लागि कार्यक्रम स्थगित गरिएको जनाइएको छ । जिल्ला अधिवेशनको मिति स्थगित भएसँगै पाल्पामा नेपाली कांग्रेसको आन्तरिक संगठनात्मक गतिविधि र आगामी अधिवेशनको प्रक्रियाबारे थप चासो बढेको छ ।

प्रेस स्वतन्त्रताको माग गर्दै पाल्पासहित देशभरका पत्रकार आन्दोलनमा

'सामूहिक गिरफ्तार गर' भन्दै दिए सरकारलाई चेतावनी

हाम्रा संवाददाता

पाल्पा, मंसिर ९/समाचारको स्रोत खोज्ने नाममा पत्रकारलाई समाचार कक्षबाटै पक्राउ गर्ने तथा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनमा कटौती गर्ने सरकारको कदमको विरोधमा पाल्पासहित देशभरका पत्रकार आन्दोलनमा उत्रिएका छन् । उनीहरुले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारको निर्भयतापूर्वक काम गर्न पाउने अधिकार सुनिश्चित गर्न माग गरेका छन् ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि भइरहेको हस्तक्षेप र पत्रकारहरूमाथि गरिएको सामूहिक गिरफ्तारी तथा धरपकड प्रति आपत्ति जनाउँदै नेपाल पत्रकार महासंघको आह्वानमा बुधबार देशभरका जिल्ला



शाखाले जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिएका हुन् । यसैक्रममा नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाल्पाले जिल्ला प्रशासन कार्यालय परिसरमा विरोध प्रदर्शनसहित धर्ना दिएको छ । 'पत्रकारलाई सामूहिक गिफ्तार गर' भन्ने व्यंग्यात्मक नारासहित ब्यानर प्रदर्शन गरेका पत्रकारहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप तत्काल बन्द गर्न सरकार र सम्बन्धित निकायसँग माग गरेका छन् । लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्वतन्त्र प्रेसमाथि राज्यपक्षबाटै हस्तक्षेप हुनु लोकतान्त्रिक मूल्य र मान्यताविपरीत भएको पत्रकारहरूको भनाइ छ । महासंघले प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने उद्देश्यले प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएकोप्रति पनि गम्भीर आपत्ति जनाएको छ । त्यस्तै, लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले प्राप्त गर्दै आएको रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएकोप्रति महासंघले असन्तुष्टि जनाएको छ । महासंघका पाल्पा शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाले पत्रकारलाई निर्भयतापूर्वक समाचार संकलन, लेखन, प्रकाशन तथा प्रसारण गर्न पाउने वातावरण सुनिश्चित गर्न सरकारसँग आग्रह गरे । संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै पत्रकारमाथिको धरपकड रोक्न, पक्राउ परेका पत्रकारको पेसागत अधिकार सुनिश्चित गर्न र प्रेस स्वतन्त्रताविरोधी गतिविधि तत्काल बन्द गर्न उनले सरकारलाई चेतनावनी दिए । महासंघले आफ्ना मागप्रति सरकार गम्भीर नभए आन्दोलनका थप कार्यक्रम अघि बढाउने बताए ।

सवारी दुर्घटनामा तीन जनाको मृत्यु



पाल्पा, मंसिर ९/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार नवलपरासी पश्चिम, सिराहा, धनुषामा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

धनुषाको कमला नगरपालिका-२ सरावेस्थित सडकमा ट्याक्टरले किचेर एक जनाको मृत्यु भएको छ । म.प्र.०२-००१ त ३१९९ नम्बरको ट्याक्टरले किचेर सोही ट्याक्टरमा सवार हंसपुर नगरपालिका-९ रूदौली बस्ने राम कुमार मण्डलको छोरा १४ वर्षीय जिसान्त कुमार मण्डलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

(बाँकी अन्तिम पेजमा...)

उद्योग दिवसमा पाल्पाका दुई उत्कृष्ट उद्यमी सम्मानित

कृष्ण पोखरेल

पाल्पा, मंसिर ९/ १२ औं उद्योग दिवसको अवसरमा घरेलु तथा साना उद्योग कार्यालय, तानसेन पाल्पाले जिल्लाका दुई उत्कृष्ट उद्यमीलाई सम्मान गरेको छ । सम्मानित हुनेमा तानसेन नगरपालिका-४ का पौड्याल ढाका उद्योगका सञ्चालक मनोजराज शर्मा पौड्याल र रामपुर नगरपालिका-६ स्थित कृष्ण उन्नत भैंसी विकास तथा बीउबिजन उत्पादन स्रोत केन्द्रका सञ्चालक कृष्णकुमार अर्याल रहेका छन् ।



लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायातमन्त्री भण्डारीलाल अहिर, प्रदेशसभा सदस्यद्वय वीरबहादुर राना र खेमबहादुर सारु तथा घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका वरिष्ठ उद्योग अधिकृत केशवबहादुर सुनारले दुवै उद्यमीलाई जनही ३५ हजार रुपैयाँ नगद, दोसल्ला र प्रमाणपत्रसहित सम्मान तथा पुरस्कृत गरेका हुन् । सम्मानित उद्यमी अर्यालले विगत २० वर्षदेखि गाईभैँसीपालन व्यवसाय सञ्चालन गर्दै आएका छन् । पूर्वी पाल्पाको रामपुरमा उनले पशुपालन व्यवसायमार्फत प्रेरणाको स्रोतका रूपमा पहिचान बनाएका छन् । हाल अर्यालले उन्नत जातका ५० वटा गाईभैँसी पाल्दै आएका छन् । उनको फार्ममा चार जनाले नियमित रोजगारी पाएका छन् भने आवश्यकता र कामको चापअनुसार थप १० देखि २० जनालाई रोजगारी दिने गरेको उनले बताए । आफ्नो व्यवसायप्रति पूर्ण सन्तुष्टि व्यक्त गर्दै अर्यालले गाईभैँसीपालनबाटै छोरालाई एमबीबीएस चिकित्सक र छोरीलाई बीएन नर्सिङ पढाउन सफल भएको बताए । यस व्यवसायबाट आर्थिक रूपमा आत्मनिर्भर हुनुका साथै समाजमा राम्रो सम्मानसमेत पाएको उनको भनाइ छ । उनले आफ्नै २० रोपनी र भाडामा लिएको ८० रोपनी गरी एक सय रोपनी जग्गामा घाँसखेती गर्दै आएका छन् । पाल्पा ढाका कपडाका लागि पनि परिचित जिल्ला हो । जिल्लामा हाल १४ वटा ढाका उद्योग सञ्चालनमा रहेका छन् । सम्मानित अर्का उद्यमी पौड्यालले तानसेनमा रहेर विगत ४० वर्षदेखि पाल्पाली ढाका उद्योग सञ्चालन गर्दै आएका छन् । उनको उद्योगमा ४० जनाले नियमित रोजगारी पाएका छन् । उद्योगमा काम गर्ने अधिकांश महिला रहेका छन् ।

(बाँकी अन्तिम पेजमा...)

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

सम्पदा चिनाउने अभियानलाई निरन्तरता दिऔं

पाल्पा ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण जिल्ला हो । यहाँका पहाड, वनजङ्गल, ऐतिहासिक स्थल, मठमन्दिर, मौलिक संस्कृति र प्राकृतिक सुन्दरताले पर्यटनको अथाह सम्भावना बोकेका छन् । तर सम्भावना मात्रै पर्यटनको विकास हुँदैन । त्यसका लागि गन्तव्यको पहिचान, प्रचार-प्रसार, पूर्वाधार विकास र पर्यटकलाई आकर्षित गर्ने नवीन कार्यक्रम आवश्यक हुन्छन् । यसै सन्दर्भमा पाल्पामा सम्पन्न दुईदिने 'पाल्पा हेरिटेज राइड २०८३' लाई पर्यटन प्रवर्द्धनको एउटा सकारात्मक प्रयासका रूपमा लिन सकिन्छ । तानसेनबाट सुरु भएर निस्दी गाउँपालिकाको झिरुवास, काउलेडाँडा हुँदै रामपुरमा पुगेर समापन भएको साइकल यात्राले पाल्पाका विभिन्न स्थानीय तहमा रहेका पर्यटकीय तथा धार्मिक क्षेत्रलाई एउटै यात्रामार्फत जोड्ने काम गरेको छ । तानसेन, बगनासकाली, माथागढी, रम्भा, पूर्वखोला, निस्दी र रामपुरका विभिन्न क्षेत्रको अवलोकन गर्दै सम्पन्न यात्रामा देशका विभिन्न स्थान तथा विदेशबाट समेत आएका १८० जना साइकलयात्रीको सहभागिता रहनु आफैंमा उत्साहजनक पक्ष हो ।

विश्व साइकलयात्री तथा सगरमाथा आरोही पुष्कर शाहसहितको सहभागितासे यस अभियानलाई थप आकर्षक बनाएको छ । पर्यटन प्रवर्द्धनका लागि सधैं ठूला लगानी र भौतिक संरचना नै आवश्यक हुन्छन् भन्ने छैन । कहिलेकाहीं यस्ता सिर्जनात्मक अभियानले पनि कुनै क्षेत्रको पहिचान देशविदेशसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । साइकल यात्रामार्फत पर्यटकले गन्तव्यको दृश्य मात्रै होइन, त्यहाँको जीवनशैली, संस्कृति, रहनसहन, खानपान र स्थानीय परिवेशलाई समेत नजिकबाट बुझ्ने अवसर पाउँछन् । पाल्पामा पर्यटनको सम्भावना बोकेका धेरै स्थान अझै पनि प्रचार-प्रसारको अभावमा ओझेलमा छन् । तानसेन र रानीमहलजस्ता परिचित गन्तव्यबाहेक ग्रामीण भेगमा रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको पर्याप्त पहिचान हुन सकेको छैन । यहाँ पर्यटन विकासका प्रशस्त आधार छन् । तर ती सम्भावनालाई चिन्न जरुरी छ । साइकल यात्राजस्ता कार्यक्रमले गन्तव्यको प्रचारप्रसारसँगै स्थानीय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सक्छन् । बाहिरबाट आउने पर्यटकले स्थानीय होटल, होमस्टे, रेस्टुरेन्ट, यातायात, कृषि उत्पादन तथा हस्तकलाका सामग्री प्रयोग गर्दा गाउँमा आर्थिक गतिविधि बढ्छ । स्थानीय उत्पादनको बजार विस्तार हुनुका साथै मौलिक कला, संस्कृति र परम्पराको संरक्षणमा समेत टेवा पुग्छ । तर यसको लाभ स्थानीय समुदायसम्म पुग्ने वातावरण बनाउन आवश्यक छ । पर्यटक आउने तर स्थानीयले त्यसबाट प्रत्यक्ष लाभ लिन नसक्ने अवस्था रह्यो भने पर्यटन प्रवर्द्धनको उद्देश्य अधुरो हुन सक्छ । यस्ता अभियानलाई एकपटकको कार्यक्रम वा औपचारिकतामा मात्र सीमित राख्नु हुँदैन । त्यसैले साइकल यात्राले जगाएको उत्साहलाई निरन्तरता दिऔं, ओझेलमा परेका गन्तव्यलाई चिनाऔं ।

Opinion @ Social Network

आमा भन्नुहुन्छ आफ्नो संस्कार कहिले नभुल्नु,
लुगा त लामो होस या छोटो दुबैले सुहाउछ ।
(कविता कम्पुको फेसबुक स्टाटसबाट www.facebook.com/Kabita.Kammu)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

नेपालले बनाउन जानेको, बेच्न नजानेको बिजुली



निरन्जन फुयाल

नेपालसँग पानी छ, भूगोल छ, र विगत भन्दा उत्पादन क्षमता पनि बढेको छ। नेपाल पानीको धनी देश हो भन्ने वाक्य सुन्न थालेको करिब ५ दशक भयो। तर पानीमा धनी भएर मात्र देश धनी हुदैन। पानीबाट बिजुली बनाउने, त्यो बिजुली बेच्ने बजार पाउने र बेचेर आएको पैसाले व्यापार घाटा घटाउने क्षमता भएपछि मात्र धनी हुन्छ। कुल विदेशी व्यापारको करिब ९० प्रतिशत आयात गर्ने देश नेपालका लागि व्यापार असन्तुलन कम गर्ने नजिकको साधन जलविद्युत् निर्यात नै हो। प्रधानमन्त्री बालेन्द्र शाह केही दिन अघि मात्रै भारत भ्रमण सम्पन्न गरी नेपाल फर्किसकेका छन् । नेपालको पानीको शक्तिलाई जलविद्युतको व्यापार कूटनीतिका रूपमा बदल्न् अहिलेको मुख्य आवश्यकता हो। त्यसका लागि आफ्ना कमजोरीलाई पनि खुला रूपमा समीक्षा गर्नुपर्ने समय आएको छ।नेपाल विद्युत् प्राधिकरणका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्मा देशको जडित क्षमता करिब ४,१०० मेगावाट पुग्यो। एक वर्षमै ५ सय मेगावाटभन्दा बढी थपियो। यो काम मुख्यत: निजी क्षेत्रले गरेको हो, जसको उत्पादन हिस्सा करिब ८४ प्रतिशत छ। यो सफलता सानो होइन। एक दशकअघि लोडसेडिङमा बाँचेको देश आज मंसिरको सुक्खा सुरु हुने समयमा २,७०० मेगावाट उत्पादन गर्छ, जबकि घरेलु माग २,२०० मेगावाट हाराहारी मात्र छ। अहिलेसम्मको सबैभन्दा धेरै राष्ट्रिय विद्युत् माग २,४०९ मेगावाट हो ।

विद्युत् व्यापारमा पनि परिवर्तन देखिएको छ। गत आर्थिक वर्ष नेपालले ३.८८ अर्ब युनिट बिजुली निर्यात गरेर रु. २९.३२ अर्ब कमायो। आयात १.१५ अर्ब युनिटमा झन्यो र त्यसमा १०.५६ अर्ब रुपैयाँ खर्च भयो। अर्थात् खुद आय करिब १८.७६ अर्ब छ। पाँच वर्षअघिसम्म लगभग शून्य भएको विद्युत् निर्यात सन् २०२४ मा पहिलोपटक आयातभन्दा धेरै भयो। तर यो उपलब्धिलाई नजिकबाट हेर्दा त्यसभित्र धेरै समस्याहरू पनि देखिन्छन्।

जलविद्युतका मुख्य समस्या

पहिलो, समस्या मौसमी असन्तुलन हो। नेपालका अधिकांश आयोजना नदी प्रवाहमा आधारित छन्। हिउँदमा उत्पादन क्षमताको करिब चौथाइ मात्र रहन्छ। त्यसैले वर्षामा बिजुली फाल्नुपर्छ र हिउँदमा आयात गर्नुपर्छ। अबका केही महिनामा पनि प्राधिकरणले निरन्तर ५०० मेगावाट र चरम समयमा ८००-९०० मेगावाटसम्म आयात गर्नुपर्ने अनुमान गरेको छ। हिउँदमा झिमेकीको बिजुली किन्नु आफैंमा योजनाको असफलताको प्रमाण हो। दोस्रो, प्रसारण लाइन हो। उत्पादन बनाउन निजी क्षेत्र तयार भयो, तर लाइन समयमा बनेन। अधिक उत्पादनले जुलाईमा प्राधिकरणले उत्पादन कटौतीको आदेश दिनुपऱ्यो। बनेको बिजुली घिरौला नपुग्नु भनेको पैसा खेर फालेजस्तै हो। यसको जवाफदेही राज्य हो। तेस्रो, विद्युत् खरिद सम्झौता (पीपीएको रोक ठूलो समस्या हो। विगत केही वर्षदेखि नयाँ सम्झौता लगभग ठप्प छ। करिब ३००० आयोजना (१६,५०० मेगावाट) सम्झौता कुरेर बसेका छन्। चालु वर्षको बजेटले 'टेक-अर-पे' फर्काएको भए पनि नयाँ सम्झौता खासै भएको छैन। जुन देशले सरकारी निर्णयको निरन्तरता देखाउँदैन, त्यहाँ बैंक र लगानीकर्ताले ढुक्क भएर कसरी लगानी गर्न सक्छन् । चौथो समस्या भारतको अनुमतिमाथिको निर्भरता हो। भारतले करिब १,१७९ मेगावाट निर्यातको अनुमति दिएको छ। तर ६०९ मेगावाटको द्विपक्षीय अनुमति अक्टोबर अन्त्यमा सकियो र झिलो गरी मात्रै आईईएक्समा रूपान्तरण गरियो । बंगलादेशतर्फ थप २० मेगावाट पठाउन पनि समस्या देखिएको छ। अर्थात् हाम्रो बिजुली कसले, कति र कहिले किन्ने भन्ने निर्णय अर्कैको हातमा छ।

पाँचौं, जोखिमको केन्द्रीकरण हो। २०८३ भदौमा आएको बाढीले भोटेकोशी/तिब्रुली करिडोरमा ठूलो क्षति गऱ्यो। यसबाट करिब ७०० मेगावाट उत्पादन क्षमता प्रभावित भएको बताइएको छ। बागमती र गण्डकी प्रदेशमै विद्युत् उत्पादन क्षमताको करिब ७१ प्रतिशत केन्द्रीकृत भएको छ। छैटौं, बढाइचढाइ पनि एउटा समस्या हो। सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाटको उत्पादन लक्ष्य राखेको छ, तर अहिलेको अधिकतम माग २,४०९ मेगावाट छ। १० वर्षअघिको सरकारी अनुमानमा सन् २०२६ सम्म आन्तरिक माग ५,८०० मेगावाट हुने अपेक्षा गरिएको थियो। तर यथार्थमा करिब २,४०० मेगावाट मात्र माग आयो। यस्तो काल्पनिक अनुमानले लगानी र प्रसारणको योजना दुवै बिगार्छ। भारतीय कम्पनीले धेरै ठूला आयोजनाहरू पाए पनि निर्माणमा अरुणरु३ मात्र छ। त्यो पनि सन् २०१८ मा सुरु भएर निर्माण सम्पन्न मिति २०२८ मा धकेलिएको छ।

हरित ऊर्जा नेपालको नयाँ व्यापारिक मुद्रा

केही कमजोरी हुँदाहुँदै पनि नेपालसँग यस्तो एउटा कुरा छ जुन अरू धेरै देशसँग छैन: लगभग पूर्ण रूपमा नवीकरणीय बिजुली। विश्वले अब कार्बनको मूल्य तिर्न थालेको छ। युरोपेली संघको कार्बन सीमासमायोजन संयन्त्र (सीबीएएम) सन् २०२६ बाट निर्णायक चरणमा प्रवेश गरेको छ। फलाम र स्टिल, एल्युमिनियम, सिमेन्ट, मल, हाइड्रोजन र बिजुलीजस्ता वस्तु युरोप निर्यात गर्दा उत्पादनमा निस्केको कार्बनको शुल्क तिर्नुपर्छ। भारतीय साना तथा मझौला उद्योगमा यसको दबाब पर्ने विश्लेषण भइरहेका छन्।कोइलाको बिजुलीले बनेको सामानभन्दा जलविद्युतबाट बनेको सामान युरोपेली बजारमा सस्तो र बढी स्वीकार्य हुन्छ। फोसिल इन्धनको बिजुली सस्तो देखिए पनि कार्बन शुल्क जोड्दा त्यो सस्तो रहँदैन। जलविद्युतको इन्धन लागत शून्य छ र एकपटक बनेपछि दशकौं चल्छ। नेपाललाई यहाँ दोहोरो फाइदा छ। एकातिर भारत र बंगलादेशका उद्योगलाई हरित बिजुली बेचेर कमाइ गर्न सकिन्छ। अर्कोतिर आफ्नै सिमेन्ट, स्टिल र प्रशोधन उद्योगलाई हरित बिजुलीमा चलाएर निर्यात बजारमा प्रतिस्पर्धी बनाउन सकिन्छ। घरभित्र पनि बिजुलीले खाना पकाउने र सवारीसाधन चलाउने बाटो खुल्यो भने पेट्रोलियम र एलपीजीको आयात घट्छ।तर हाम्रो बिजुली हरित हो भनेर प्रमाणित गर्ने प्रणाली चाहिन्छ। नेपालले निर्यात गर्ने बिजुलीको उत्पादन स्थल र हरित प्रमाणपत्र दुवै स्पष्ट गर्न सकेन भने खरिदकर्तासे त्यसको अतिरिक्त मूल्य तिर्दैनन्। यो काम अहिलेसम्म नीतिको सूचीमा मात्र छ।

निकै कम छ बिजुलीको कमाइ

भन्सार विभागको तथ्यांकअनुसार यस आर्थिक वर्षको पहिलो तीन महिनामा नेपालको कुल वस्तु व्यापार घाटा ५३२.४९ अर्ब रुपैयाँ पुग्यो। भारतसँगको घाटा मात्रै २७१.१९ अर्ब रुपैयाँ थियो। भारतबाट ३६६.७८ अर्ब बराबरको आयात भयो, निर्यात ९५.५९ अर्ब मात्र भयो। अघिल्लो आर्थिक वर्षमा भारतसँग कुल आयात १२१०.६० अर्ब, निर्यात २५८.६५ र व्यापार घाटा ९५१.९५ अर्ब रुपैयाँ थियो। यत्रो घाटाको अगाडि बिजुलीको खुद आय १८.७६ अर्ब केही पनि होइन। यो भारतसँगको अघिल्लो आर्थिक वर्षको घाटाको करिब १.९६ प्रतिशत मात्र हो। त्यसैले बिजुली निर्यातलाई घाटा घटाउने मुख्य उपाय भन्नु निरर्थक छ।तैपनि सम्भावना धेरै छ। उदाहरणका लागि, १ हजार मेगावाटले ६० प्रतिशत लोड फ्याक्टरमा वर्षमा करिब ५.२६ अर्ब युनिट उत्पादन गर्छ। अहिलेको औसत निर्यात मूल्य रु. ७.५६ प्रति युनिटमा यो करिब ४० अर्ब रुपैयाँ हुन्छ। यसको अर्थ हजारौं मेगावाट बिजुली स्थायी रूपमा बिक्री भयो भने मात्र बिजुलीले व्यापार घाटामा सार्थक असर पार्छ। त्यसका लागि स्थायी बजार र भरपर्दो लाइन चाहिन्छ, जुन अहिले छैन।

भारतसँगको बिजुली कूटनीति, के गर्ने ?

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमण (नोभेम्बर २२(२३, २०२६) का क्रममा दुई देशबीच जारी संयुक्त विज्ञप्तिले पहिले नै भइसकेको दीर्घकालीन विद्युत् व्यापार समझौता (जसअन्तर्गत भारतले १० वर्षमा नेपालबाट १०,००० मेगावाट विद्युत् खरिद गर्नेछ) लाई तीव्रताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ। भारतले नेपालको ऊर्जा क्षेत्रमा १ खर्ब ८४ अर्ब नेपाली रुपैयाँ (१ खर्ब १५ अर्ब भारु) सहलियतपूर्ण ऋण दिने घोषणा गरेको छ । ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाको भर्चुअल शिलान्यास, इनरुवा-न्यु पूर्णिया र दोधोधरा-बरेली अन्तरदेशीय प्रसारण लाइन निर्माण अघि बढाउने तथा पञ्चेश्वर, सप्तकोशी र सुनकोशी आयोजनाको डीपीआर छिट्टै टुङ्याउने सहमति भएको छ। ऊर्जाबाहेकका बाढीपछिको पुनर्निर्माण, पूर्वाधारका लागि अनुदान, अयोध्या-जनकपुर रेल सेवाको शुभारम्भ, नेपालमा आईआईटीको अफसोर क्याम्पस स्थापना लगायतका केही विषयहरूमा पनि महत्वपूर्ण सहमति भएको छन्। तर मुख्य रुपमा बिजुली व्यापारसम्बन्धी मुद्दालाई जोडेर सरकारले भविष्यका लागि केही स्पष्ट मार्गचित्र तयार गर्नुपर्छ। सबैभन्दा पहिले, १० वर्षमा १० हजार मेगावाट निर्यात गर्ने सन् २०२४ को सहमति शब्दको मात्र छ। त्यसलाई दीर्घकालीन, स्पष्ट र न्यूनतम मूल्य खुलाइएको खरिद सम्झौतामा बदल्नुपर्छ। दोस्रो, एक-एक वर्षका अनुमति हरेक पटक सकिने र नवीकरणका लागि झौंतारिनुपर्ने अवस्था हटाउनुपर्छ। अनुमति बहुवर्षीय र स्वचालित हुनुपर्छ, र आईईएक्समा नेपाली बिजुलीको स्थायी पहुँच सुनिश्चित गर्नुपर्छ। तेस्रो, बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया, लुम्की-बरेलीजस्ता सीमापार लाइनमा दुवैतर्फ समयसीमा तोक्नुपर्छ। भारतीय खण्ड ढिला भए नेपाली उत्पादकले अघोर्नु पर्ने क्षतिको क्षतिपूर्तिको कुरा पनि टेबलमा आउनुपर्छ। चौथो, बंगलादेशको बजारमा भारतको भूमि अपरै जानुपर्छ। यसैले ४० मेगावाटको सानो सम्झौतालाई अगाडि बढाउन भारत सहित त्रिपक्षीय सम्झौता चाहिन्छ। पाँचौं, हरित प्रमाणपत्रलाई भारत र बंगलादेशले मान्यता दिनुपर्छ ताकि सीबीएएमको दबाबमा रहेका उनीहरूका उद्योग नेपाली बिजुली किन्न उत्साहित होऊन्। छैटौं, भारतीय कम्पनीले पाएका आयोजनामा समयबद्ध प्रतिबद्धता चाहिन्छ। लामो समय निर्माण नगर्ने आयोजनाको अनुमतिपत्र पुनरावलोकन गर्ने सर्त राख्नुपर्छ। सातौं, चिनियाँ लगानी वा उपकरण भएका आयोजनाको बिजुली भारतले नकिन्ने अवरोधबारे स्पष्ट कुरा गर्नुपर्छ। नेपालले आफ्नो स्वार्थ जोगाउन वैकल्पिक बाटो पनि खोज्नुपर्छ। अन्तमा, पुनर्निर्माण सहयोगमा क्षतिग्रस्त प्रसारण लाइन, सबस्टेसन र प्रारम्भिक चेतावनी प्रणाली समावेश गर्नुपर्छ।

बाफ्नै घर सोझ्याउने काम

भारतसँग माग गर्नुअघि हामीले आफ्ने काम गरेको हुनुपर्छ। रोकिएको पीपीए तुरुन्त खोलेर हिउँदको ऊर्जा, साँझको माग र प्रसारण उपलब्धतामा आधारित स्पष्ट मापदण्ड प्रकाशित गर्नुपर्छ। रन अफ दि रिभरको सट्टा पिकिङ प्रकारको वा जलाशययुक्त आयोजनालाई प्राथमिकता दिनुपर्छ, किनभने तिनले हिउँदमा बिजुली दिएर आयात घटाउँछन् र बढी मूल्य पनि पाउँछन्। प्रसारण लाइन समयमै बन्नुपर्छ। त्यसबिना नयाँ उत्पादन थपेर फाइदा छैन। विद्युतीय खाना पकाउने, सवारी साधन र उद्योगका लागि वर्षामा सस्तो दर दिएर घरेलु माग बढाउनुपर्छ। केरिडोर विविधीकरण गर्दै कर्णाली र सुदूरपश्चिमका आयोजना अघि बढाएर जोखिम घटाउनु पर्छ। नयाँ आयोजनामा बाढी तथा हिमताल जोखिम अध्ययन र प्रारम्भिक चेतावनी प्रणाली अनिवार्य हुनुपर्छ।

निष्कर्ष

नेपालको जलविद्युत् क्षेत्र सही दिशामा छ, तर सुरक्षित बाटोमा छैन। क्षमता बढ्यो, निर्यात बढ्यो र आयात घट्यो। तर, प्रसारण लाइन, रोकिएको पीपीए, हिउँदमा बिजुली अभाव, बाढीको जोखिम र भारतको अनुमतिमाथिको निर्भरताले यो प्रगतिलाई कमजोर बनाइरहेको छ। हरित ऊर्जा आगामी दशकमा व्यापारको नयाँ मुद्रा बन्दैछ। हामीले हरित प्रमाणपत्र, दीर्घकालीन सम्झौता, आन्तरिक प्रसारण क्षमता र नीतिगत सुधार सबै काम सँगसँगै गर्न सकेनौं भने यी अवसर अरू देशले खोसिदिनेछन्। दुइतिहाइ बहुमतको शक्तिशाली सरकार भए पनि सरल देखिएका प्रधानमन्त्रीको नेतृत्वले यी विषयहरूमा भारतसँग कूटनीतिक सफलता पाउने अपेक्षा गर्न सकिन्छ।

फुयाल एनर्जारयन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत हुन् ।
(वनलाईन खबर डटकम)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय

बुटवल	०७१-५४०२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२१९९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर	०७५-६९१५५५

अस्पताल कार्यालय

लुम्बिनीस्टिटी अस्पताल	०७१-५५५५५७, ५५५५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४१९२०१
पिचन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४४५०
बुटवल हस्पिटल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेट्रोटेक अस्पताल	५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा	०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल	०७५-४००५४

एम्बुलेन्स सेवा

रोटरी क्लब बुटवल	०७१-५४४६००
लियो क्लब अस्त बुटवल	०७१-५४५८२३
रेडक्रस भैरहवा	०७१-५२०८६३
रेखाई भैरहवा	०७१-५२६६७३,९८४७२२४६४
परासी	०७८-५२०१२५
रेडक्रस पाल्पा	०७५-५२०८००
रेडक्रस तौलिहवा	०७६-५६००५५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२७११७
रेडक्रस गुल्मी	०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज	०७१-५४७०२५०९९
जनसेवा क्लब नर्यामिल	९५४७२२१२६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१०५८
बगाई क्लब बगाई	०७६-६९०७०२
रेडक्रस बेलहट	०७५-५४७७७९
लुम्बिनी मेडिकल कलेज	०७५-५२७८४०
बुटवल जेसिस	९८४७१२९९४४
न्यु एकता क्लब तानसेन	०७५-४२२२००
परिवार नियोजन संघ पाल्पा	९८४७७०२७६५
रामपुर टेडइन्टी	९८५४७६२४७,९८५७७६,७९८४

दैनिक राशिफल

मेष : संतानको प्रगतिले मन प्रशन्न रहनेछ। सर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ।

वृष : वैचारिक मतभेद सुल्झिनेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला।

मिथुन : कार्य सम्पादन गर्न सकिनेछ। उच्चपदासीन व्यक्तिहरूको साथ मिल्नेछ।

कर्कट : आयआर्जनका स्रोतहरू फेला पर्नेछन्। विश्वास पात्रबाट सहायता मिल्नेछ।

सिंह : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ। मुद्दा मामलाहरूमा सफलता मिल्नेछ।

कन्या : कार्यक्षेत्रमा कार्य दोहोराएर गर्नुपर्ला। अवसरको फाइदा उठाउन नसकिएला।

तुला: रोकिएका काम प्रारम्भ हुनेछन्। यात्रामा कीर्तिमान स्थापित गर्न सकिनेछ।

वृश्चिक : लाभ उठाउन सकिनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व स्थापित गर्न सकिनेछ।

धनु : व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। बौद्धिक क्षमतामा विकास हुनेछ।

मकर : व्यापारमा सोचेको सफलता हात लाग्ला। स्वास्थ्यको विशेष ध्यान दिनुहोला।

कुम्भ: जिम्मेवारी बढी हुन सक्छ। आम्दानीको विषयमा नयाँ विचार आउनेछ।

मीन : कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ। पर्याप्त निद्रा लिनु आवश्यक छ।



कथा — बादुराम लम्साल

अदृश्य औंला

साँझको घाम घरका पुराना झ्यालहरूमा अडिएर बिस्तारै पहेँलिदै थियो। आँगनको तुलसीको मठमा आमाले पानी हालिसक्नुभएको थियो। भान्साबाट जिरा भुटेको बास्ना आइरहेको थियो। छतको डोरीमा सुकाइएका कपडा साँझको बतासमाँग झुलिरहेका थिए। पवन भने कोठाको एउटा कुनामा बसेर मोबाइल चलाइरहेको थियो। किताब उसको अगाडि खुलै थियो। पानाको बीचमा कलम तेर्सिएको थियो। तर उसको आँखा अक्षरमा थिएनन्। औंला स्क्रिनमा चलिरहेको थियो।उसले मोबाइल उठाएको धेरै भएको थिएन। पढाइ सकेपछि केहीबेर भिडियो हेर्ने उसको बानी थियो। सुरुमा साँच्चै केही मिनेट मात्र हेर्थ्यो। एउटा रमाइलो दृश्य आयो, हाँस्यो। अर्को आयो, फेरि हेऱ्यो। कसैले विदेशको सुन्दर सहर देखाएको थियो, केहीबेर त्यही दृश्यमा अल्झियो। त्यसपछि एउटा दुर्घटनाको भिडियो आयो।उसको औंला रोकियो। दृश्य असहज थियो। तर उसले स्क्रोल गर्न सकेन। पूरा भिडियो हेऱ्यो। त्यसपछि त्यस्तै अर्को भिडियो आयो। उसले अघिल्लोभन्दा फरक होला भनेर हेऱ्यो। फेरि अर्को।'अब पुग्यो,' उसले आफैँसँग भन्यो। तर औंला फेरि चल्यो।राति सुत्ने बेलामा मोबाइल सिरानीमुनि थियो। आमाले ढोकाबाट हेरेर भन्नुभयो, 'अब राखे पनि हुन्छ नि, भोलि बिहान उठ्नुपर्छ।''हजुर, राख्दै छु।' आमाले ढोका बन्द गर्नुभयो। केही बेरपछि कोठा शान्त भयो। पवनले मोबाइल बन्द गर्न खोज्यो। त्यही बेला एउटा सूचना आयो। उसले अनायासै खोलेर हेऱ्यो। अर्को भिडियो खुल्यो। त्यसमा रातको समयमा भएको एउटा डरलाग्दो घटना थियो। उसले पूरा नहेरी मोबाइल बन्द गऱ्यो। अँध्यारो कोठामा स्क्रिनको उज्यालो हरायो, तर त्यो दृश्य उसको आँखाबाट हरायन। उसले आँखा चिम्लियो। सडक। अँध्यारो। टाढाबाट आएको गाडी। अचानक एउटा आवाज। ऊ झस' आँखा खोल्यो। कोठा उस्तै थियो। पङ्ग्रा घुमिरहेको थियो। झ्याल बन्द थियो। टेबलमा किताब थियो। केही भएको थिएन। तर उसको मुटु जोडले धड्किरहेको थियो।'त्यो त भिडियो मात्र थियो,' उसले आफूलाई सम्झायो। त्यसपछि मनमा अर्को प्रश्न आयो-भोलि त्यस्तै केही भयो भने ? भोलिपल्ट विद्यालय जाने बाटो उही थियो। बाटोको मोडमा वरको पुरानो रुख उही थियो। चिया पसलमा रेडियो बजाउने साहुजी पनि उही थिए। तर पवनको ध्यान अब बाटोमा भन्दा बाटोमा हुन सक्ने दुर्घटनातिर जान्थ्यो। मोटरसाइकल अलि छिटो आएको देख्दा ऊ झस्किन्थ्यो। एम्बुलेन्सको साइरन सुन्दा पछाडी फर्केर हेर्थ्यो। एक दिन आमा बजारबाट फर्किन ढिला गर्नुभयो। पवनले फोन गऱ्यो। उठेन। फेरि गऱ्यो। उठेन। पाँचौं पटक पनि फोन नउठेपछि उसको मनमा अनेक दृश्य दौडिए-बाटोमा लड्नुभएको हुन सक्छ, गाडीले ठक्कर दिएको हुन सक्छ, अस्पतालमा हुनुहोला। उसले फेरि फोन गर्न खोज्दै थियो, त्यत्तिकैमा ढोका खुल्यो।आमा हातमा तरकारीको झोला बोकेर भित्र पस्नुभयो।

'किन यति धेरै फोन गरेको ?' उहाँले हाँस्दै सोध्नुभयो।'फोन किन नउठाउनुभएको ?''पसलमा थिएँ। सुनिनँ।'पवनले आमाको अनुहार हेरिरह्यो। उहाँ सामान्य हुनुहुन्थ्यो। उसले केही भनेन। मोबाइल खल्तीमा राख्यो। त्यसपछि उसका भिडियोहरू झन् अनौठा हुँदै गए। डर लाग्ने सामग्री हेरेपछि त्यस्तै अर्को आउँथ्यो। सफल मानिसको कथा हेरेपछि अफ ठुलो सफलता देखाउने भिडियो। कसैको असफलता देखेपछि अर्को असफलताको कथा। ऊ जुन दृश्यमा केहीबेर रोकिन्थ्यो, त्यस्तै दृश्य फेरि उसको अगाडि आइपुग्थ्यो।उसलाई लाग्न थाल्यो, मोबाइलले उसलाई बुझ्छ।कहिलेकाहीँ उसले मनमा सोचेको जस्तै विषयको भिडियो देखिन्थ्यो। डर लागेको कुरा, आफूलाई कमजोर ठानेको क्षण वा अरूभन्दा पछि परेको अनुभूति- कुनै न कुनै रूपमा ती कुरा स्क्रिनमा आइपुग्थे। उसलाई अचम्म लाग्थ्यो। मोबाइलले आफूलाई चिनेको जस्तो लाग्थ्यो।साथीहरूको जीवन पनि उसले मोबाइलबाटै हेर्न थाल्यो। कसैले नयाँ मोबाइल किनेको थियो। अर्को साथी विदेशको विश्वविद्यालयमा पढ्दै थियो। कसैले पुरस्कार पाएको थियो। कसैले नयाँ मोटरसाइकल। कसैको जन्मदिन भव्य रूपमा मनाइएको थियो।पवन आफ्नो कोठामा बसेर ती सबै हेर्थ्यो। त्यसपछि आफ्नै पुरानो जुत्ता, साँघुरो घर र सामान्य उपलब्धिहरू सम्झन्थ्यो। किताब खोल्दा पनि मनमा साथीहरूका तस्बिर आइरहन्थे।

एक दिन उसले मोबाइल दराजमा बन्द गरेर पढ्न बस्यो। दस मिनेटपछि किताबको एउटै वाक्य तीनपटक पढिसकेको थियो। अर्थ भने दिमागमा पसेको थिएन। उसको ध्यान दराजभित्र रहेको मोबाइलतिर थियो।अन्ततः उसले दराज खोल्यो।मोबाइल त्यहाँ शान्त थियो।उसले केहीबेर त्यसलाई हेऱ्यो। अनि हातमा लियो।त्यसपछि अनलाइन खेल पनि उसको दिनचर्यामा थपियो। पहिलोपटक जित्दा ऊ बालकझैँ खुसी भएको थियो। खेलको आवाज, रङ र जितको संकेतले उसलाई तत्कालै आनन्द दिन्थ्यो। हार्दा भने रिस उठ्थ्यो। 'अब चाहिँ जित्छु' भन्दै अर्को खेल खेल्थ्यो। त्यसपछि अर्को।एक रात बाहिर पानी परिरहेको थियो। घरका सबै जना सुतिसकेका थिए। पवन खेलमै थियो। निर्णायक क्षणमा ऊ हार्‍यो। रिसले मोबाइल टेबलमा हान्यो। केहीबेरसम्म उसको छाती उठबस गरिरह्यो। उसले मोबाइल उठायो। स्क्रिन कालो थियो। त्यसमा आफ्नै अनुहार देखियो-रातो आँखा, थाकेको अनुहार र अस्तव्यस्त कपाल।उसले मोबाइल बन्द गऱ्यो।कोठामा पङ्ग्राको आवाज मात्र सुनिन्थ्यो। बाहिर पानी परिरहेको थियो। भित्तामा झुन्डिएको क्यालेन्डर हावाले हल्का हल्लिरहेको थियो।केहीबेरपछि उसले मोबाइल फेरि खोल्न खोज्यो। औंला स्क्रिनसम्म पुग्यो। तर यसपटक रोकियो।उसले हात झिक्यो।अर्को दिनदेखि उसको बेचैनी झन् देखिन थाल्यो। मोबाइल हातमा नभए पनि उसलाई हात खाली भएको जस्तो लाग्थ्यो। साथीहरूसँग कुरा गर्दा बीचमै स्क्रिन हेर्थ्यो। खाना खाँदा भिडियो चलाउँथ्यो। बसमा यात्रा गर्दा बाहिरको दृश्यभन्दा मोबाइलमा आँखा अडिन्थ्यो।आमाले कहिलेकाहीँ उसलाई हेर्नुहुन्थ्यो। बोल्न खोज्नुहुन्थ्यो, फेरि रोकिए आफ्नै काममा लाग्नुहुन्थ्यो। एक साँझ उहाँले खाना पस्किँदै भन्नुभयो, 'आज तँलाई एउटा कुरा सुनाऊँ?'पवनले मोबाइलबाट आँखा नउठाई भन्यो, 'के ?

'आज तेरो बाबाले तँ सानो हुँदा तँलाई बोकेर हिँडेको फोटो भेट्टाउनुभएको रहेछ।''पछि देखाउँला।'आमाले केही भन्नुभएन। थालमा भात राख्दै गर्दा उहाँको हात एकछिन रोकियो। त्यसपछि उहाँ भान्सातिर लाग्नुभयो।राति पवनलाई आमाको रोकिएको हात सम्झना आयो। उसले मोबाइल बन्द गऱ्यो। केहीबेर छतातिर हेरिरह्यो।भोलिपल्ट बिहान उठ्नेबित्तिकै उसको हात मोबाइलतिर गयो। नयाँ भिडियोहरू थिए। सूचना थिए। खेलको सन्देश थियो। उसले एउटा भिडियो खोल्यो। केहीबेरपछि अर्को।दिउँसो ऐनामा आफ्नो अनुहार देख्दा ऊ केहीबेर रोकियो। आँखामुनि कालो घेरा देखिन्थ्यो। उसले मोबाइलको स्क्रिन बन्द गऱ्यो।त्यो रात उसले मोबाइल टेबलमा राखेर बन्द गऱ्यो। कुनै घोषणा गरेन। कसैलाई मोबाइल नचलाउने वाचा पनि गरेन। केवल केहीबेर त्यसलाई नछोई बस्यो।कोठामा शान्ति थियो। बाहिर सडक सुनसान थियो। टाढाको एउटा घरको झ्यालमा बत्ती बलिरहेको थियो। उसले झ्याल खोल्यो।केहीबेरपछि मोबाइल फेरि खोल्ने इच्छा भयो। हात बढायो, तर रोकियो। त्यसपछि उसले आमालाई सम्झियो। भान्सामा खाना पस्कँदै गरेको उहाँको अनुहार, फोटोको कुरा सुनाउँदा रोकिएको हात र 'पछि देखाउँला' भनेर आफूले टारेको क्षण। भोलिपल्ट बिहान आमा ढोका खोल्दा पवन झ्यालछेउ बसेको थियो।

'आज यति चाँडै उठिस् ?' उहाँले आश्चर्य मान्दै सोध्नुभयो।

'निद्रा खुलेछ।'

'चिया खान्छस् ?'

'खान्छु।' दुवै भान्सातिर लागे। टेबलमा मोबाइल थियो। केही बेरपछि त्यसको स्क्रिन बल्यो। एउटा सूचना आयो। पवनको हात त्यसतिर बढ्यो। औंला स्क्रिनको नजिक पुगेर रोकियो।

उसले मोबाइल घोप्ट्याएर राख्यो।'आमा,' उसले भन्यो, 'हिजो बाबाले भेट्टाउनुभएको फोटो देखाउनु न।'आमाको अनुहार उज्यालियो। उहाँ भित्र गएर पुरानो एल्बम ल्याउनुभयो। धुलो लागेको एल्बमको पाना पल्टाउँदै गर्दा एउटा तस्बिर बाहिर आयो।सानो पवन बाबाको काँधमा थियो। बाबाको अनुहारमा पसिना थियो। पवन भने निस्फिक्री हाँसिरहेको थियो। उसले तस्बिर धेरै बेर हेरिरह्यो।

'यो कहाँ खिचेको?' उसले सोध्यो।'गाउँमा। तेरो बाबा तँलाई बोकेर मेलामा लैजानुभएको थियो।' पवनले फेरि तस्बिर हेऱ्यो। आमाले अर्को पाना पल्टाउनुभयो। दुवै केहीबेर पुराना तस्बिर हेर्दै बसे।साँझ पवन कोठामा पढ्न बस्यो। मोबाइल टेबलमै थियो। एकपटक सूचना आयो। उसले स्क्रिनतिर हेऱ्यो, तर किताबको पाना पल्टायो।

केहीबेरपछि ऊ उठेर आँगनमा गयो। आमाले छतबाट सुकाएका कपडा झिक्दै हुनुहुन्थ्यो।'म टिपिदिऊँ?' उसले सोध्यो।आमाले कपडाको डोरीतिर हेर्नुभयो।'हुन्छ, त्यो माथिको पनि झिकिदे।'पवनले कपडा टिप्न थाल्यो। मोबाइल कोठाको टेबलमा चुपचाप थियो।त्यो रात उसले मोबाइल चलाउँदै चलाएन भन्ने होइन। केही भिडियो हेऱ्यो, साथीको सन्देशको उत्तर पनि दियो। तर राति सुत्नुअघि मोबाइल सिरानीमुनि राखेन। टेबलमै छोड्यो। बिहान उठ्दा उसले सबैभन्दा पहिले मोबाइल खोजेन।-

साहित्यपोस्ट डटकम

कथा — विमल लामिछाने

सुनैनाले सीमारेखा तोडेको 'छठको रात'

भाइटिकाको भोलिपल्ट तृतीयाको साँझदेखि नै मिथिला गाउँको हरेक गल्लीमा छठको रंग छरिएको थियो । तराईको मिथिला गाउँलाई आड बनाएर बगिरहेको थियो सिरसिया खोला । बगरको डिलमा घनाबाँसका सहारामा सजाइएका रंगीचंगी पन्डालहरू, केराका हरिया थाम र बालुवामा सजिएका माटाका दियाहरूसँगै झिलिमिली बत्तीले बस्ती र सिरसियाको बगर बेहुली झैँ सिँगारिएको थियो । सूर्य अस्ताउँदै गर्दा महिलाहरू टोकरीमा ठेकुवा, भुसुवा, फलफूल र अन्य प्रसाद लिएर खोलातिर लागे । गीत गुन्जिन थाल्यो, 'उठ् सूर्य देव, जय छठी मईया ' गीतसँग आकाश पनि झन् उज्यालो हुँदै गयो ।

त्यही भीडभित्र भेटिएका दुई पात्र हुन् सुनैना र दिपेश । उनीहरू आपसमा प्रेम गर्छन् । सुनैना दलित समुदायकी मधेसी युवती थिइन् । जसका आँखामा आकाश जस्तै गहिराइ थियो । दिपेश पहाडी ब्राह्मण परिवारका छोरा थिए । जसको अनुहारमा उज्यालोसँगै फदयमा विद्रोहको ज्वार थियो ।उनीहरू दुवैलाई समाजमा जातीय विभेदको सीमारेखा कोरिएकोप्रति घृणा जागेको थियो । सुनैना र दिपेशले यो सिमाना भत्काउन वर्षौंदेखि संघर्ष गर्दै आएका थिए । उनीहरूको प्रेमले ती सिमाना पगाल्दै लगे पनि पूर्णतामा पुरन सकेका थिएनन् । सुनैनाको समाजमा जन्मभन्दा ठुलो मान्यता जातको हुन्थ्यो । उनलाई यो समाजको सांस्कृतिक विकृति, अन्धविश्वास र विभेदहरूका विरुद्ध आगो भएर उत्रिनुपर्छ भन्ने लाग्थ्यो तर समाजमा जेलिएर रहेको जालो मधेसको यो समुदायमा पुस्तौंदिखिको सरुवा रोग जस्तै थियो ।उनकी आमा सधैँ भनिरहन्थिन्, 'छोरी, हाम्रो जात त तलको हो, पढेर के हुन्छ र ? जतिपढेपनि विवाह त दाइजो दिएरै गर्नुपर्छ ।'तर सुनैना भन्थिन्, 'आमा, अबका छोरीहरू दाइजो दिएर होइन, शिक्षा र आत्मसम्मानका साथ विवाह गर्छन् । हामीले अबको पुस्तालाई दाइजोमा भुलिनबाट मुक्ति दिलाउनु पर्छ । अहिलेसम्मका मधेसका कयौं कुटपिट र हत्या जस्ता घटनाहरू मधेसमा दाइजो र जातीय विभेदका कारण भएका छन् । जसले सिंगो मधेसी समुदायलाई नै बदनाम गरिरहेको छ । दाइजोकै निहुँमा कयौं छोरीहरू जिउँदै जल्नुपरेको पनि छ । अब हामीले यो प्रथाको विरुद्ध लड्न साहस गर्नुपर्छ ।'उता, पहाडी मूलका दिपेश समाजशास्त्र अध्ययनको फिल्डवर्कका लागि मधेस पुगेका थिए । उनी ब्राह्मण परिवारको छोरो, तर उनको सोच फराकिलो र हृदय ठुलो थियो । उनी जात, दाइजो प्रथा र भाषालाई सीमारेखा बनाएर मान्छेहरू किन बाँडिएका छन् भन्ने गहिरो गरी बुझ्न र बदल्न चाहन्थे । छठ पर्वको बिदाको समय उनका लागि मिसन पूरा गर्ने कोसेढुंगा बनेर आयो ।दिपेश र सुनैनाको पहिलो भेट गाउँको सामुदायिक विद्यालयमा भएको थियो । दिपेश गाउँका बालबालिकालाई समावेशी शिक्षा कार्यक्रमबारे बुझाइरहेका थिए र सुनैना त्यही विद्यालयकी शिक्षिका थिइन् । पहिलो भेटमै दिपेशले सुनैनाको नजरमा देख्यो कि, एउटी युवती जसको आँखामा विद्रोह र प्रेम दुवैको उज्यालो झल्किएको थियो । दिनहरू बिदै गए । विद्यालय परिसरमै उनीहरूबिच संवाद बढ्दै गयो। किताबका पानामा लेखिएका विचारहरू, समाजका घाउहरू, र भविष्यका सपना, विद्रोह र परिवर्तनका चक्रीय सूत्रहरू उनीहरूले सँगसँगै बाँडे ।एक दिन, मिथिला गाउँको माटोमा टेकेर दिपेशले भन्यो, 'सुनैना, मलाई त लाग्छ मधेस र पहाडबिचको सिमाना त मान्छेहरूले बनाएका हुन् । प्रेममा त न भाषा हुन्छ, न जातको सीमारेखा नै ।'सुनैनाले हल्का मुस्कानसहित उत्तर दिइन्, 'तर समाजले हाम्रा नशामा पनि जात गनेर रगत छुट्टाउने कोसिस गर्छ दिपेश ' म तिमीप्रति आकर्षित छु, तिमीलाई प्रेम गर्छु तर यो प्रेमले पूर्णता पाउन सजिलो छैन ।'जब गाउँलेहरूले सुनैना र दिपेशबीचको सम्बन्धबारे सुने, गाउँ नै हल्लियो । मधेसी केटी र पहाडी ब्राह्मण केटा' यो संयोजन नै अपवित्र ठानियो । बेलुका सुनैनाका बुबाले भने, 'तैँले हाम्रो इज्जत पखालिस्' हाम्रो समाजमा छोरीले बाहिरी जातसँग बिहे गर्न पाईँदैन । समाजका मुखिया र महाजनहरूले थाहा पाए भने हाम्रो हालत के हुन्छ ? हाम्रो त नाम निशाना नरहने गरी उठीबास लाग्छ छोरी ।'उता दिपेशको परिवारमा पनि त्यस्तै तिक्तता बढ्न थाल्यो । हाम्रो कुलमा मधेसी केटी ? तर उनीहरूको प्रेमको दियो निभेन । सुनैनाले आफ्नो गाउँमा महिला सशक्तीकरणको अभियान सुरु गरिन् । उनी महिलाहरूलाई पढाउन थालिन् । दाइजो र विभेदका विरुद्ध सचेतना फैलाउन थालिन् ।दिपेशले पनि सामाजिक अभियान सुरु गरे । पहाड र तराईका युवालाई एकै मञ्चमा ल्याउने 'एकता संवाद' कार्यक्रम अघि बढाएर जनचेतनाको अभिवृद्धि गर्न लागिपरिरहे ।तिनीहरूको प्रेमले अब व्यक्तिगत नभई आन्दोलनको रूप लिन थाल्यो । समाजका पर्खालहरूमा उनीहरूको आवाजले बिस्तारै दरार बन्न थाल्यो ।'आज छठको रात, आज रातभर जाग्राम बस्ने हो ?' सुनैनाले दिपेशतिर फर्केर मादलभन्दा माधुर्य स्वरमा भनिन् । 'बस्ने त हो तर गीत गाउने तिमी हौ कि म ?' दिपेशले मुस्कुराउँदै भन्यो ।'म गाउने, तिमी सुन्ने,' उनले हल्का लजाउँदै भनिन् । उनका आँखामा प्रेम छचल्किएको थियो । प्रेमिल भावमा उनी मुस्काइन् । त्यस मुस्कानमा दिपेशले समानताको उज्यालो र भविष्य दुवै झल्किएको देखे ।रात गाढिँदै गयो । खोलाको छेउमा जाग्राम सुरु भयो । महिलाहरू छठी माताको कथा गाइरहेका, पुरुषहरू मादल र ढोलमा ताल मिलाइरहेका थिए । हावाको झोक्काले कहिले काहीँ दियो निभाइदिन्थ्यो तर तुरुन्तै बालिन्थ्यो । सबैजसो छठीमाताहरु खोलैभित्र पसेर आधा शरीर डुबाउँदै निस्वँदै गर्दै थिए । कोही भजन गाइरहेका थिए । त्यही बेला सुनैनाको दियो निभ्यो । उनले अत्तालिँदै पानीमा हेरिन् । तर एक क्षणमै दिपेशले आफ्नो दियो लिएर उनको दियोमा बर्तन थपेर बालिदिए ।सुनैनाको कानमै गएर उनले बिस्तारै भने, 'अब यो उज्यालो हामी दुवैको हो,' त्यो उज्यालो पानीमा परावर्तित हुँदै, दुवैको अनुहारमा चम्किएको सबैले सहज देख्न सक्थे । जुन चमक नै जात भन्दामाथि टप्किएर एउटा प्रेमको साक्षी बनेर पहरा दिइरहेको थियो ।रातको अन्तिम प्रहरमा सुनैना चुपचाप आकाशतिर हेर्दै थिइन् । चन्द्रमा र दियो दुवै उज्याला थिए तर उनको मनको कुना अझै अधुरो र मधुरो थियो । उनले मनमनै भनिन्, 'छठी मइया, यदि तपाईंको आशीर्वादले जात, दाइजो र हाम्रो समाजका भेदभावका तगाराहरू भत्काइदिने हो भने म यो व्रत जीवनभरका लागि अर्पण गर्नेछु ।'बिहान पख जब पूर्वतिर सूर्यको पहिलो किरण उदाउँदै थियो, व्रतालुहरू पानीमा उभिएर अर्घ्य दिइरहेका थिए । सुनैनाको अनुहारमा सुनौलो प्रकाश पऱ्यो ।दिपेशले त्यो झल्कोमा उसको भविष्य देख्यो र मनमनै प्रार्थना गऱ्यो, 'छठी मइया, हाम्रो प्रेमलाई पनि यही उज्यालोको आशीर्वाद देऊ । समाजका अन्धकारहरू उज्यालोले ढाकिदेऊ । जो कि अबको पुस्ताका कुनै पनि प्रेमी प्रेमिकाले विभेदको सिकार बन्नु नपरोस् ।' सूर्य उदायो । गीत फेरि गुन्जियो । हावामा ठेकुवाको गन्ध थियो र मिथिला गाउँमा नयाँ सुरुवातको संकेत । त्यही बिहान एक खुला मञ्चमा उनीहरूले विवाह गरे । कुनै पुरोहितबिनाको, कुनै दाइजोबिनाको । केवल दुई थान माला र सिन्दूरको टिका साटासाट गरेर मधेशकी केटी र पहाडी केटो विवाह बन्धनमा बाँधिए । तालीको पर्रा छुट्यो । सुनैनाले भनिन्, 'हामीले प्रेम मात्रै होइन, समानताको बीयाँ पनि रोपेका छौं ।' दिपेशले थपे, 'जात होइन, चेतनाले देश बलियो हुन्छ ।'उनीहरूको विवाहमाथि थुप्रै विरोध पनि भयो तर त्यसै बिहान सिरसिया खोला किनार मिथिला गाउँका छोरीहरूको समूहले आफ्नो विवाहमा कसैले दाइजो नलिने घोषणा गरे ।सुनैना र दिपेशको प्रेम त्यस दिन केवल दुई आत्माको मिलन मात्रै रहेन । त्यो विभेद र दासताको विरुद्ध उठेको नयाँ बिहानीको किरण बन्यो । जहाँ सुनैना र दिपेशको आस्था र प्रेम मिलेर विभेदलाई जिते । छठी माताको दृष्टि चोखो प्रेममाथि पऱ्यो ।त्यो दृष्टिले समाजका सबै खाले अन्धविश्वास, विभेद र अन्धकार पखालिदियो । त्यही रातपछि सिरसिया खोलाको किनारको गाउँमा एउटा कथा सनसनी फैलियो, जुन प्रेमकथा हो 'छठको रात'।- *समकालिन साहित्य*

सिद्धार्थनगरको फोहोर व्यवस्थापन निजी कम्पनीलाई



राष्ट्रिय समाचार समिति (रासस) रुपन्देही, मंसिर ९/ सिद्धार्थनगर नगरपालिकाले नगर क्षेत्रको फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापनको जिम्मेवारी पाँच वर्षका लागि निजी कम्पनीलाई दिएको छ ।नगरपालिकाले रुपन्देहीको मायादेवी गाउँपालिका-७ स्थित वातावरणीय सुन्दर सरसफाइ तथा कृषि प्रवर्द्धन अफ नेपाल प्रालिसँग फोहोरमैला व्यवस्थापनका लागि सम्झौता गरेको हो । सोमबार भएको सम्झौताअनुसार कम्पनीले नगर क्षेत्रको फोहोर संकलन, ढुवानी, वर्गीकरण, अन्तिम व्यवस्थापन तथा समग्र सरसफाइको जिम्मेवारी लिनेछ । सम्झौताको कुल रकम तीन करोड ६० लाख दुई हजार ९७१ रुपैयाँ सात पैसा रहेको छ ।

नगरपालिकाका अनुसार सम्झौता २०८३ मङ्सिर ७ देखि लागू भई २०८८ मङ्सिर ६ गतेसम्म कायम रहनेछ । संविधानसभा सदस्य तथा नगरप्रमुख इस्तायिक अहमद खानले वर्षौंदेखिको फोहोर व्यवस्थापनको समस्या समाधान गरी सिद्धार्थनगरलाई स्वच्छ, सफा, सुन्दर र व्यवस्थित सहर बनाउने लक्ष्यसहित निजी क्षेत्रसँग सहकार्य गरिएको बताए । उनले फोहोर व्यवस्थापन नगरवासीको प्रत्यक्ष सरोकार र नगरपालिकाको प्रमुख प्राथमिकताको विषय भएको उल्लेख गरे ।नगर स्थापनाकालदेखि नै फोहोरमैला व्यवस्थापन सिद्धार्थनगरको प्रमुख चुनौतीका रूपमा रहँदै आएको थियो । बजार तथा बस्ती क्षेत्रमा नियमित फोहोर संकलन र व्यवस्थापन हुन नसक्दा सडक किनारमा फोहोर थुप्रिने, दुर्गन्धि फैलिने र सहरी सौन्दर्यमा असर पर्ने समस्या देखिँदै आएको थियो । यसले नागरिकको स्वास्थ्य, वातावरणीय स्वच्छता तथा पर्यटकीय सहरका रूपमा भैरहवाको पहिचानमा पनि असर पारेको थियो ।

विशेषगरी फोहोर विसर्जनस्थलको अभाव र स्थानीयस्तरमा हुने अवरोधका कारण नगरपालिकालाई व्यवस्थापनमा कठिनाइ हुँदै आएको थियो । यसअघि नगरपालिकाले वडा नं १ को मेउडिहवास्थित डण्डा नदी किनारमा फोहोर विसर्जन गर्दै आएको थियो । स्थानीयवासीको अवरोधपछि सोही वडाको सिद्धार्थ राजमार्गछेउ डण्डा नदी किनारमा फोहोर विसर्जन गर्न थालिएको थियो । उक्त स्थानमा पनि फोहोर नफाल्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेपछि फोहोर व्यवस्थापन थप चुनौतीपूर्ण बनेको थियो ।नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बीपिन क्षेत्रीले सिद्धार्थनगरलाई स्वच्छ, हराभरा, सुन्दर तथा पर्यटकीय नगरका रूपमा विकास गर्ने लक्ष्यअनुरूप फोहोरमैला व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइएको बताउनुभयो । निजी क्षेत्रसँगको सहकार्यले फोहोर संकलन, वर्गीकरण र अन्तिम व्यवस्थापनलाई व्यवस्थित बनाउन सहयोग पुग्ने उनको भनाइ छ ।नगरपालिकाका प्रवक्ता मुक्तिनाथ यादवले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि गरिएको पहलले सार्थकता पाएको बताए । सम्झौताअनुसार प्रभावकारी कार्यान्वयन हुन सके नगर क्षेत्रको सरसफाइमा सुधार आउनाका साथै नगरवासीले लामो समयदेखि भोग्दै आएको समस्या न्यूनीकरण हुने उनले विश्वास व्यक्त गरे । नगरपालिकाले सम्झौताको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन र नागरिकको सहभागितामा जोड दिएको छ । यसबाट सिद्धार्थनगरलाई स्वच्छ, व्यवस्थित र पर्यटकीय सहरका रूपमा विकास गर्ने लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उद्योग दिवसमा पाल्पाका ...

...पौड्यालले ढाका कपडामा प्रयोग हुने बुट्टा र डिजाइन आफैं तयार गर्दै आएको बताए । केन्द्र, प्रदेश र स्थानीय सरकारले उद्योगमैत्री वातावरण तथा आवश्यक सहयोग उपलब्ध गराए सयौंलाई रोजगारी दिन सकिने उनको भनाइ छ । उद्योगको विकास र विस्तारका लागि तीनै तहका सरकारबाट सहयोगको अपेक्षा गरेको उनले बताए । घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका वरिष्ठ उद्योग अधिकृत केशवबहादुर सुनारका अनुसार कार्यालयमा हाल दुई हजार ७६० वटा उद्योग दर्ता भएका छन् । गत आर्थिक वर्षमा मात्रै ८४ वटा नयाँ उद्योग थपिएका छन् भने १०८ वटा उद्योग पालिकामा स्थानान्तरण तथा खारेजी भएका छन् । जिल्लामा दर्ता भएका उद्योगहरूमा कुल २२ करोड २० लाख रुपैयाँ लगानी रहेको कार्यालयले जनाएको छ ।

सवारी दुर्घटनामा ...

...उक्त ट्याक्टर ब्याक गर्ने क्रममा ट्याक्टरमा सवार मण्डल ट्याक्टरबाट लडी ट्याक्टरको चक्काले किच्दा उक्त दुर्घटना भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सिराहाको गोलबजार नगरपालिका-४ निपनिया टोलस्थित सडकमा हाल नम्बर नखुलेको स्कर्पियोको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ५० वर्षीय बसन्त महराको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको गोलबजार हेल्थकेयरमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले हाल फरार स्कर्पियो र चालकको खोजी गरिरहेको छ । यस्तै नवलपरासी पश्चिमको सरावल गाउँपालिका-१ बसहीस्थित सडकमा लु. प्र ०१-००८ प ८७३१ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-१ बस्ने ५० वर्षीय निम बहादुर चौधरीको मंगलबार राति मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको देवदह मेडिकल कलेज भलुही रूपन्देहीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएकी १ जना पैदलयात्रीको सोही अस्पतालमा र मोटरसाइकल चालकको लुम्बिनी सिटि अस्पताल बुटवलमा उपचार भइरहेको छ ।

खेलकुद समाचार

नेपाल एशिया कप राइजिङ स्टार्सबाट बाहिरियो



काडमाठौं, मंसिर ९/ एशिया कप राइजिङ स्टार्समा पाकिस्तान 'ए' सँग ९६ रनले पराजित भएपछि नेपाल प्रतियोगिताबाट बाहिरिएको छ । कतारको दोहामा मंगल भएको आनो समूह चरणको अन्तिम खेलमा पाकिस्तान 'ए' ले दिएको १६९ रनको लक्ष्य पछ्याएको नेपाल १७ ओभर ३ बलमा ७२ रनमै समेटियो ।

नेपालका लागि मयन यादवले सर्वाधिक ४१ रन बनाए । पाकिस्तानका मोहम्मद हसनैन र सुफियान मुकिमले तीन-तीन विकेट लिए भने मोहम्मद इमरानले दुई तथा माज सदाकतले एक विकेट लिए ।त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको पाकिस्तान 'ए' ले ४२ ओभरमा सबै विकेट गुमाएर १६८ रन बनाएको थियो । उसका लागि रोहेल नाजिरले अविजित ६४ रन बनाए । नेपालका राशिद खानले पाँच विकेट लिए ।अभिषेक गौतमले दुई तथा सन्दीप लामिछाने र कुशल भुर्तेलले एक/एक विकेट लिए । नेपाल प्रतियोगिताको आफ्नो पहिलो खेलमा भारतसँग ३०६ रनले पराजित भएको थियो भने दोस्रो खेलमा यूएईलाई ६ विकेटले हराएको थियो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

सेयर बजार सकारात्मक



पाल्पा, मंसिर ९/ बुधबार नेप्से परिसूचक सकारात्मक देखिएको छ । नेप्से परिसूचक ८ दशमलव ६६ अंकले बढेर २ हजार ६ सय ४७ दशमलव ६१ विन्दुमा अडिएको हो ।

अघिल्लो दिन मंगलबार नेप्से परिसूचक १५ दशमलव ३९ अंकले बढेर २ हजार ६ सय ३८ दशमलव ९५ विन्दुमा पुगेको थियो । यसअघि सोमबार नेप्से परिसूचक २ दशमलव २६ अंकले बढेर २ हजार ६ सय २३ दशमलव ५६ विन्दुमा पुगेको थियो । नेप्से बढेसँगै कारोबार रकम पनि मंगलबारको तुलनामा वृद्धि भएको छ । यसदिन ६ अर्बमाथिको कारोबार भएको छ । मंगलबार ५ अर्ब ५५ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । बुधबार ३५६ वटा स्किप्सको १ करोड ६५ लाख २३ हजार ९७४ कित्ता सेयर ६ अर्ब १४ करोड ६० लाख ४३ हजार ९०९ रुपैयाँमा खरिदबिक्री भए । सेयर बजार एकल अंकले बढेपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । मुक्तिनाथ कृषि कम्पनीको सेयर सर्वाधिक १० दशमलव ९८ प्रतिशतले बढ्यो। हिमालयन उर्जा विकास कम्पनीको सेयर ८ दशमलव ६२ प्रतिशतले बढ्दा कालिका लघुवित्त वित्तीय संस्थाको सेयर ५ दशमलव ९६,मानुषी लघुवित्त वित्तीय संस्थाको ५ दशमलव ५७ र सनराइज ब्लुचिप फण्डको सेयर ५ दशमलव ३२ प्रतिशतले बढ्यो । तीन समूहको उपसूचकबाहेक बाँकी समूहको उपसूचक सकारात्मक देखिएका छन्। होटल्स एण्ड टुरिजम,मनु एण्ड प्रो र माइक्रोफाइनान्स समूहको उपसूचकबाहेक बाँकी समूहको उपसूचक सकारात्मक देखिएका हुन्।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायामाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई